# किन्डरगार्टनका लागि दिन गन्ती सुरू

Ready for K Alliance
readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning
familieslearning.org

## परिवार सहभागिता क्यालेन्डर

नमस्ते! तपाईंको बच्चा जुनसुकै ठाउँमा जुनसुकै समयमा सिक्न तयार छ भन्ने थाहा पाउनुभयो? यो कुरा सत्य हो! स्कुल सुरु हुनु अघिदेखि नै तपाईंको बच्चाले हरेक दिन सिकिरहेको हुन्छ। तपाईं वा परिवारले बच्चासँग कुरा गरिरहँदा वा खेलिरहँदा उसको सिकाइ अघि बढाउन मद्दत गरिरहनुभएको हुन्छ। तपाईं आफ्नो बच्चाको पहिलो र सबैभन्दा महत्त्वपूर्ण शिक्षक हो!

यस क्यालेन्डरमा तपाईंको बच्चालाई वर्षभरि सिक्न मद्दत गर्ने तरिकाहरू बताइएका छन्। तपाईंले घरमै खेल्दै सिक्न मद्दत गर्न सक्नुहुन्छ, र अरू थप तरिकाका लागि लिङ्क गरिएका (सम्बन्धित) क्रियाकलापहरू प्रयोग गर्नुहोस्। **3 देखि 5 वर्षका बच्चाका** लागि कुन क्रियाकलापहरू सहज हुन सक्छन् भनेर सजिलै थाहा पाउन यो क्यालेन्डरमा रङहरू प्रयोग गरिएका छन्। केही क्रियाकलाप साना बच्चाहरूका लागि धेरै गाह्रो हुन सक्ला र **किन्डरगार्टन सुरू गर्नुअघिको** वर्षका लागि सबैभन्दा राम्रो हुनसक्छ। यसलाई **किन्डरगार्टन प्रवेश प्रक्रिया** देखाउन पनि प्रयोग गरिन्छ।

तपाईंको बच्चा चाँडै नै किन्डरगार्टन जानेछ। यो एउटा उत्साहजनक समय हो! किन्डरगार्टन सुरु गर्ने र तयार हुनेबारे तपाईंको परिवारसँग प्रश्नहरू हुन सक्छन्। यसमा यो क्यालेन्डरले तपाईंलाई पक्कै पनि मद्दत गर्नेछ। यसले तपाईंको बच्चालाई स्कुलमा कसरी भर्ना गर्ने भन्नेबारे जानकारी दिन्छ। यो क्यालेन्डर मुख्य गरी जेफरसन काउन्टी पब्लिक स्कुल (जेसीपीएस) बारे रहेको छ। तर, तपाईंले आफ्नो बच्चालाई अर्को स्कुलमा भर्ना गर्न चाहनुहुन्छ भने पनि यही प्रक्रिया हुन सक्छ।

तपाईंले "किन्डरगार्टन रेडिनेस अर्थात् किन्डरगार्टनको तयारी"बारे मानिसहरूले कुरा गरेको सुन्नु भएको होला। केही परिवारलाई मेरा बच्चा तयार छैनन् र किन्डरगार्टन जान सक्दैनन् भन्ने चिन्ता हुन्छ। तर यो कुरा सत्य होइन! बच्चाहरूले आफ्नै गतिमा सिक्छन् र विकास हुन्छन्। स्कुलका स्टाफले तपाईंको बच्चा कस्तो छ भनेर जान्नेछन्। बच्चाहरूले आफूले जे जान्दछन् र जे गर्न तयार हुन्छन्, त्यो कुरा नै सिक्नेछन्। स्कुलहरूले बच्चाहरू जहाँ छन् त्यहीं भेट्नेछन् र उनीहरूलाई सफल हुन मद्दत गर्नेछन्।



**यदि तपाईंको परिवारले जेसीपीएसलाई रोज्दै हुनुहुन्छ र सोध्नका लागि कुनै प्रश्न छ भने 502-313-HELP (4357) मा फोन गरेर जेसीपीएस कल सेन्टरसँग कुराकानी गर्नुहोस्। कल सेन्टरका टीम सदस्यले तपाईंलाई जेसीपीएसको सम्बन्धित विभाग वा स्टाफसँग कुराकानी गर्ने व्यवस्था मिलाउनेछन्। तपाईंले जेसीपीएसको इमेल ठेगाना jcps.help@jefferson.kyschools.us मा इमेल पनि पठाउन सक्नुहुन्छ।**

अन्तमा, यदि तपाईंको परिवारले किन्डरगार्टनसम्बन्धी अन्य विकल्पहरू खोज्दै हुनुहुन्छ भने यस स्रोतसामग्रीले यस कम्युनिटीमा रहेका अन्य किन्डरगार्टन कार्यक्रमहरूबारे पनि जानकारी दिन्छ।

# जुनसुकै समयमा प्रवेशका लागि सहयोग गर्ने क्रियाकलापहरू

## 3 देखि 5 वर्ष

- मेट्रो युनाइटेड वेको एजेज एण्ड स्टेजेज क्वेश्चनायर - उमेर र चरणहरूबारे प्रश्नहरू केन्द्रमा भर्ना हुनेबारे विचार गर्नुहोस्। तपाईंको बच्चाको जन्मदेखि किन्डरगार्टेन प्रवेश हुने समय बीचको कुनै पनि समयमा यो नि: शुल्क स्क्रीनिङ कार्यक्रममा दर्ता भएर आफ्नो बच्चाको क्षमता र उसलाई सिक्न मद्दत गर्ने क्रियाकलापहरूबारे धेरै कुरा जान्न सक्नुहुन्छ।
- आफ्नो बच्चासँग गफ गर्नुहोस्। दोहोरो कुराकानीले तपाईंको बच्चाको मष्तिस्क क्षमता विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। जुनसुकै भाषामा होस्, आफ्नो बच्चासँग कुराकानी गर्नाले उसको मस्तिष्कले महत्त्वपूर्ण कुराहरूबीच सम्बन्ध निर्माण गर्न थाल्दछ। घरमा तपाईं र तपाईंको बच्चालाई बोल्न सजिलो लाग्ने भाषा प्रयोग गर्नुहोस्: पाँचदेखि छ वटासम्म शब्द भएका वाक्यहरू बोल्छन् - परिवार क्रियाकलाप।
- नर्सरीका राइमहरू सुनाउनुहोस् वा आफ्ना बच्चाहरूसँगै मिलेर गीतहरू गाउनुहोस्: सरल गीतहरू गाउनुहोस् - परिवार क्रियाकलाप।
- पुस्तकहरू मिलेर हेर्नुहोस्। आफ्नो बच्चालाई त्यहाँका शब्दहरू पढेर सुनाउनु पर्दैन वा उसँगै पढ्नु पर्दैन। बरु, उनीहरूले पुस्तकमा के देख्छन् भन्नेबारे उनीहरूसँग कुरा गर्नुहोस्। पुस्तकमा देखाउँदै "उनीहरू के गर्दैछन्?" वा "उनीहरू कहाँ छन्?" भन्ने जस्ता प्रश्नहरू सोध्नुहोस् र आफ्नो बच्चालाई पनि प्रश्नहरू सोध्न दिनुहोस्।
- घरमा किताबहरू राख्ने गर्नुहोस्। यी स्रोतसामग्रीले तपाईंलाई आफ्नो बच्चासँगै पढ्न र पुस्तकहरू हेरिरहन मद्दत गर्छन्।
  - लुइसभिल फ्री पब्लिक लाइब्रेरीले 1000 बुक्स बिफोर किन्डरगार्टन च्यालेन्जको स्पोन्सर गर्दछ।
  - मान्य जीप कोडहरूमा पर्ने 0 देखि 5 वर्षका बालबालिका भएका परिवारहरूले लुइसभिलको इमेजिनेसन लाइब्रेरीमा आफूलाई दर्ता गर्न सक्नेछन्।
  - त्यसै गरी, सबै परिवारले लुइसभिल ग्रोइङ रिडर्स डिजिटल लाइब्रेरी र लुइसभिलका विशेष पुस्तकहरूमा पहुँच बनाउन सक्नेछन्।

# जुनसुकै समयमा प्रवेशका लागि सहयोग गर्ने क्रियाकलापहरू

## किन्डरगार्टन प्रवेश प्रक्रिया

- तपाईंको बच्चाले किन्डरगार्टन सुरु गर्ने उमेर कहिले पुग्नेछ भन्नेबारे तपाईंलाई थाहा हुनुपर्छ। केन्टकीमा बच्चाहरू अगस्ट 1 सम्ममा पाँच वर्ष पुगेको हुनुपर्छ, तब मात्र उनीहरू त्यो स्कुल वर्षमा भर्ना हुन पाउँछन्। यदि बच्चाहरू अगस्ट 2 देखि अक्टोबर 1 बीचमा 5 वर्ष पुग्छन् भने बच्चाको परिवारले डिसेम्बर 1 र मार्च 1 बीचमा अर्ली किन्डरगार्टन भर्ना र स्क्रिनिङका लागि आवेदन दिन सक्छन्। बच्चाहरूले ६ वर्षको उमेर भइसक्दासम्म किन्डरगार्टन सुरु गर्नुपर्छ।
- यदि तपाईंको परिवारले अंग्रेजीभन्दा बाहिरका भाषाहरू बोल्छन् भने तपाईंले जेसीपीएसका स्टाफसँग कुराकानी गर्दा दोभाषे सेवाका अनुरोध गर्न सक्नुहुन्छ। परिवारहरूले स्कुल स्टाफसँग राम्रोसँग कुराकानी गर्न सकून भनेर स्कुल डिस्ट्रिक्टले दोभाषे सेवा उपलब्ध गराउनु जरुरी हुन्छ। दोभाषे सेवा अनुरोध गर्ने परिवारहरूलाई सहयोग गर्न जेसीपीएसले आइ स्पीक कार्डहरू - म बोल्छु कार्डहरू तयार गरेको छ।
- यदि तपाईंलाई आफ्नो बच्चाको विकासको बारेमा चिन्ता छ भने आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्। कम्युनिटीमा रहेका फर्स्ट स्टेप्स वा जेसीपीएस अर्ली चाइल्डहुड जस्ता कार्यक्रमहरूले पनि तपाईंलाई मद्दत गर्न सक्छन्। त्यसै गरी, तपाईंको बच्चालाई किन्डरगार्टनका लागि थप सहयोग चाहिन्छ भन्ने लाग्छ भने तपाईंले जेसीपीएस एक्सेप्सनल चाइल्ड एजुकेसन (ECE) सर्भिसेजमा सम्पर्क गर्न सक्नुहुन्छ। जेसीपीएस रेडी-फोर-के सम्बन्धी स्रोतसामग्री हेर्नुहोस्। अर्को स्रोतसामग्री जेसीपीएस चेकलिस्ट रहेको छ र यसले कसरी सबै बच्चाहरू किन्डरगार्टनमा विकास हुन र सिक्न तयार हुन्छन् भन्ने बुझ्न परिवारहरूलाई मद्दत गर्छ।







यो क्यालेन्डरले तपाईंलाई स्कुल छनोट गर्ने र आफ्ना बच्चालाई किन्डरगार्टनका लागि भर्ना गर्ने प्रक्रियामा मार्गदर्शन गर्नेछ। यसमा तपाईंका बच्चालाई विकास हुन र सिक्न मद्दत गर्ने क्रियाकलापहरू पनि छन्!


Ready for K Alliance

readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning

familieslearning.org

# सेप्टेम्बर

## किन्डरगार्टनअघिको 11 महिना



### 3 देखि 5 वर्ष

रुटिन बनाउनु महत्त्वपूर्ण कुरा हो! खाना खाने, नुहाउने  वा सुत्ने समयको रुटिन बनाउनुहोस्। रुटिनको सहायताले अब के गर्ने भन्नेबारे तपाईंको बच्चालले थाहा पाउँछन् र यसले उनीहरूलाई सुरक्षित र स्वतन्त्र महसुस गर्न मद्दत गर्छ: सामान्य नियम र रुटिन - परिवार क्रियाकलाप।

### किन्डरगार्टन प्रवेश प्रक्रिया

- किन्डरगार्टनका लागि आफ्नो परिवारले रोज्न सक्ने विकल्पहरू खोज्न सुरु गर्नुहोस्। जेसीपीएस स्कुल फाइन्डर वेवसाइट यो कार्य सुरु गर्न सकिने राम्रो ठाउँ हो। जेसीपीएसले स्पेनी, अरबी, स्वाहिली, नेपाली र सोमाली भाषामा स्कुल छनौटसम्बन्धी गाइडहरू पनि प्रदान गर्दछ। परिवारहरूले स्कुलको वेबसाइटहरू हेर्न, र आफ्ना साथी र सहकर्मीसँग पनि कुरा गर्न सक्छन्।
- तपाईंको बच्चा र परिवारका लागि कस्तो प्रकारको स्कुल सबैभन्दा उपयुक्त छ? इलेमेन्टरी स्कुल छनौटसम्बन्धी गाइडहरूले जेसीपीएसमा रहेका स्कुल क्लस्टर, म्याग्नेट स्कुल र म्याग्नेट प्रोग्रामहरूको बारेमा बताउँछ। आफ्नो बच्चाका लागि सबभन्दा राम्रो स्कुल खोज्नुहोस्। तपाईंको परिवारले हाम्रो कम्युनिटीमा रहेका अन्य किन्डरगार्टन विकल्पहरू पनि हेर्न सक्छन्।
- कम्युनिटीमा हुने विशेष कार्यक्रमहरू हेर्ने गर्नुहोस्! यी कार्यक्रमहरूमा स्कुल छनोट, दर्ता र आवेदनका लागि परिवारहरूलाई सहयोग गर्न जेसीपीएस अफिस अफ स्कुल च्वाइसका टीम सदस्यहरू हुन्छन्। (दर्ताका लागि जेसीपीएसमा अनलाइन अकाउन्ट रहनेछ र यसले ठेगानाबारे प्रमाण देखाउनेछ। आवेदनमा तपाईंको स्कुल छनौटका विकल्पहरू राख्न भनिनेछ।)



# अक्टोबर

## किन्डरगार्टन अघिको
## 10 महिना



### 3 देखि 5 वर्ष

- आफ्नो बच्चासँग मिलेर नम्बरहरू गन्ती गर्नुहोस् र कुराकानी गर्नुहोस्। नम्बर गन्ती गर्न तपाईं आफ्ना औंलाहरू प्रयोग गर्न सक्नुहुन्छ। तपाईं बाहिर पैदल घुम्न निस्कँदा वा किनमेलका लागि पसल जाँदा बच्चालाई वस्तुहरू गन्ती गर्ने अभ्यास गराउनुहोस्: क्रमैसँग 30 सम्म गन्ती गर्छन् - परिवार क्रियाकलाप।

### किन्डरगार्टन प्रवेश प्रक्रिया

- जेसीपीएस शोकेस अफ स्कुलहरू नामक कार्यक्रममा सहभागी हुनुहोस्। तपाईंले प्रत्येक इलेमेन्टरी स्कुलका स्टाफसँग कुराकानी गर्न सक्नुहुन्छ र आफ्नो परिवारका लागि स्कुल छनौटसम्बन्धी उपलब्ध विकल्पबारे थप जान्न सक्नुहुन्छ। तपाईले जेसीपीएसमा दर्ता र आवेदन गर्ने प्रक्रियाहरू बारे पनि जान्न सक्नुहुन्छ। तपाईंको परिवारले कुरा गर्न चाहेको भाषामा कुराकानी गर्न मद्दतका लागि दोभाषेहरू उपलब्ध हुनेछन्।

- यदि तपाईंको परिवारले जेसीपीएसलाई रोज्दैछ भने आफ्नो बच्चालाई किन्डरगार्टनमा भर्ना गर्नका लागि अनलाइन दर्ता गर्नुहोस्। यदि तपाईंका अन्य बच्चा जेसीपीएसमा पढिरहेका छन् भने पनि तपाईंले आफ्नो 5 वर्षको बच्चालाई किन्डरगार्टनमा नै दर्ता गर्नुपर्छ। दर्तामा दुई वटा चरणहरू पूरा गर्नुपर्छ:

    - अनलाइन फारम भर्नुहोस्। फाराममा तपाईं र तपाईंको बच्चाको नाम, जन्म मिति, लिङ्ग, फोन नम्बर र इमेल ठेगाना चाहिन्छ।

    - तपाईं बस्ने ठेगानाको प्रमाण पेश गर्नुहोस्: एलजीई वा पानीको बिल, तलब/ज्याला पाएको रसिद, हस्ताक्षर गरिएको लीज वा कामको सम्झौता, वा सरकारी निकायसँगको पत्राचार। यदि तपाईंको परिवारको स्थायी ठेगाना छैन भने तपाईंले 502-485-3650 मा फोन गरेर अफिस अफ एक्सेस एन्ड अपर्चुनिटीमा कुरा गर्न सक्नुहुन्छ। उनीहरूले तपाईंलाई मद्दत गर्नेछन्।

- तपाईंलाई मद्दत चाहिएमा तपाईंले जेसीपीएसमा दर्ता गरी अपोइन्टमेन्ट मिति लिन सक्नुहुन्छ। तपाईंले दोभाषे सेवाका लागि पनि अनुरोध गर्न सक्नुहुन्छ। स्मरण रहोस्, दर्ताका लागि जेसीपीएसमा अनलाइन अकाउन्ट रहनेछ र त्यसले ठेगानाको प्रमाण देखाउनेछ।



Ready for K Alliance
readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning
familieslearning.org

# नोभेम्बर


## किन्डरगार्टन अघिको 9 महिना

### किन्डरगार्टनभन्दा अघिको वर्ष

- तपाईंको बच्चाले आफ्नो वरिपरि देख्ने शब्द र अक्षरहरूबारे कुरा गर्नुहोस्। तपाईंको बच्चाको नाममा अक्षरहरूबाट सुरु गर्नुहोस्। त्यसपछि हरेक पटक केही नयाँ अक्षरहरू थप्दै जानुहोस्। अक्षर र शब्दहरूबारे कुरा गर्दा यी सङ्केत/चिन्हहरूले सन्देशहरू बोक्छन् भन्ने कुरा बच्चाहरूले सिक्न सक्छन्: विचार व्यक्त गर्न केरमेट रेखा र रेखाचित्र प्रयोग गर्छन् - परिवार गतिविधि।

### किन्डरगार्टन प्रवेश प्रक्रिया

- धेरैजसो स्कुलहरूले ओपन हाउसेज कार्यक्रम आयोजना गर्छन् वा भ्रमण गर्न बोलाउँछन्। तपाईंले स्कुल हेर्न र स्टाफहरूलाई भेट्न सक्नुहुन्छ। यो स्कुल छनोटका विकल्पहरूबारे थप ज्ञान हासिल गर्ने एउटा राम्रो तरिका हो। ओपन हाउसेज र भ्रमणहरूबारे सोधखोज गर्न स्कुलमा फोन गर्नुहोस्। जेसीपीएसले आफ्ना स्कुलमा रुचि राख्ने परिवारका लागि विभिन्न कार्यक्रमहरू (सूची) गर्दछ। जेसीपीएस कार्यक्रमहरूमा सहभागी हुन परिवारहरूले दोभाषे सेवाको अनुरोध गर्न सक्छन्।
- यदि तपाईंले जेसीपीएस छनोट गर्दै हुनुहुन्छ भने तपाईंको परिवारले नोभेम्बर महिनामा आवेदन दिन सक्छ। तपाईंले आफ्नो बच्चाका लागि राम्रो स्कुलका विकल्पहरू छानिसकेपछि आवेदन दिनु पर्छ। तपाईंको बच्चाका लागि उपयुक्त हुने स्कुलमा जान सकोस् भनेर स्कुलहरू छान्ने काम डिसेम्बर महिनासम्म गरिसक्नुपर्छ।



# डिसेम्बर

किन्डरगार्टन अघिको 8 महिना

## 3 देखि 5 वर्ष

- तपाईंको बच्चाले कार्ड वा उपहारका ट्यागमा आफ्नो नाम लेख्न सक्छन्। उनीहरूलाई आफ्नो नाम लेख्ने अभ्यास गराउनुहोस्। लेख्दाखेरि कसरी पेन्सिल वा मार्कर समात्ने भनेर तपाईंले तपाईंले आफ्नो बच्चालाई देखाउन सक्नुहुन्छ: आफ्नै नाम पढ्छन् र लेख्छन् - परिवार क्रियाकलाप।
- तपाईंको बच्चालाई चित्र कोर्न दिनुहोस्! उनीहरूले आर्ट बनाउन सक्छन्। उनीहरूले कोरेका चित्रहरू केरमेट गरिएको जस्तो देखिन सक्छन्, तर यसले तपाईंको बच्चाका लागि केही अर्थ राख्छ। तपाईंको बच्चालाई उनीहरूले कोरेका चित्रबारे भन्न लगाउनुहोस्: कथा भन्न चित्रको प्रयोग गर्छन् - परिवार क्रियाकलाप।

## किन्डरगार्टन प्रवेश प्रक्रिया

- जेसीपीएसका लागि आवेदन दिने अन्तिम मिति डिसेम्बरसम्म हो। तपाईंको परिवारले तपाईंको बच्चाको आवश्यकतासँग मेल खाने स्कुलहरूका लागि आवेदन दिएको निश्चित गर्नुहोस्!



# जनवरी

## किन्डरगार्टन अघिको 7 महिना

**3 देखि 5 वर्ष**

- जाडोमा कोट र टोपी लगाउनुपर्छ! कसरी लुगा लगाउने भनेर आफ्नो बच्चालाई सिकाउनुहोस्। आफैले लुगा लगाउन केही बढी समय लाग्ला, तर यसले उनीहरूलाई आफ्नो काम आफै गर्न प्रेरित गर्दछ। कसरी बटन, जिप र लुगा लगाउने भन्ने जान्नु जीवनोपयोगी सीपहरू हुन्: लुगा आफै लगाउन र खोल्न सक्छन् - परिवार क्रियाकलाप।
- आफ्नो बच्चासँग रङ र आकारबारे कुरा गर्नुहोस्। आफू बस्ने ठाउँ वरपर, पसलमा वा बाहिर हिँड्दा तपाईंले रङ र आकारहरू देख्न सक्नुहुन्छ। आफ्नो बच्चासँग "आई स्पाई - म पत्ता लगाउँछु" भन्ने गेम खेल्नुहोस्: म मेरो सानो आँखाले पत्ता लगाउन सक्छु र त्यो ____ हो। तपाईंले आफ्नो बच्चालाई एउटै रङका तीनवटा कुराहरू पत्ता लगाउन पनि भन्न सक्नुहुन्छ: : साधारण आकारहरू चिन्नेछन्, नाम भन्नेछन् र नक्कल गर्नेछन् - परिवार क्रियाकलाप।




Ready for K Alliance
readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning
familieslearning.org

# फेब्रुअरी

किन्डरगार्टन अघिको 6 महिना




## 3 देखि 5 वर्ष

- आफ्नो बच्चासँग खुसी भएको, दु:खी भएको, रिसाएको, डराएको, उत्साहित भएको देखाउने खालका अनुभूतिजन्य शब्दहरू प्रयोग गर्नुहोस्। बच्चाहरूलाई आफूले अनुभूति वा महसुस गरिरहेका कुरा बताउन शब्दहरू चाहिन्छ। आफ्नो बच्चासँग हुँदा तपाईंले आफ्ना अनुभूति देखाउन पनि अनुभूतिजन्य शब्दहरू प्रयोग गर्न सक्नुहुन्छ। तपाईं कतै जाने हुँदा उत्साहित बनेर देखाउन वा पानी पर्दा दु:खी बनेर देखाउन सक्नुहुन्छ: आफ्नो आवश्यकता र चाहना बताउनेछन् - परिवार क्रियाकलाप।

- बच्चालाई लिएर लाइब्रेरी जानुहोस्। जाडो सिजनको चिसो समयमा सिक्नका लागि यो निकै राम्रो तरिका हो। कथा भन्ने समय र अन्य लाइब्रेरी क्रियाकलापहरू अन्य बालबालिका र परिवारहरूसँग भेट्न र कुरा गर्न पाउने उत्कृष्ट ठाउँ हो! सबै परिवारहरू लाइब्रेरी प्रोग्राममा रमाउन सक्छन्। तपाईंको परिवारले लुइसभिल फ्री पब्लिक लाइब्रेरीमा गएर लाइब्रेरी कार्ड लिन सक्छ।

- आफ्नो बच्चासँग आवाजको बारेमा कुरा गर्नुहोस्। सबै कुरा बजाउनुहोस्: सङ्गीत, चरा वा कीराहरूको आवाज, ताली, र हाँसो समेत। बच्चालाई यी आवाज सुन्न लगाउनुहोस्, ती आवाज कसरी समान र फरक छन् भन्ने बारे बताउन मद्दत गर्नुहोस्।



# मार्च

## किन्डरगार्टन अघिको 5 महिना

### 3 देखि 5 वर्ष

- घरबाहिर गएर आफ्नो बच्चासँग एक खुट्टाले उफ्रने, नाघ्ने र हाम फाल्ने खेल खेल्नुहोस्। खेल मैदानमा जानु पनि रमाइलो हुन्छ, त्यहाँ तपाईंको बच्चाले सिंढी चढ्न र ब्यालेन्स बीममा खेल्न सक्छन्। यी क्रियाकलापहरूले बच्चाको मांसपेशीहरू बलियो बनाउँछ, शरीरको समन्वय र सन्तुलनमा सुधार ल्याउँछ: दौडने, उफ्रने र चढ्ने - परिवार क्रियाकलाप।

### किन्डरगार्टन प्रवेश प्रक्रिया

- बालबालिकाहरूले किन्डरगार्टन सुरु गर्दा खोप लगाउनु, शारीरिक परीक्षण गर्नु, दाँतको परीक्षण गर्नु र आँखाको जाँचहरू गराउनुपर्ने हुन्छ। स्प्रिङ समय डाक्टर र डेन्टिस्टहरूसँग अपोइन्टमेन्ट लिने राम्रो समय हो। तपाईंले आफूले जानेको भाषामा सेवा प्रदायकहरूको सेवा र जानकारी लिन फेमिली हेल्थ सेन्टरहरूमा जान सक्नुहुन्छ।
- यदि तपाईंको परिवारले घरमा अन्य भाषाहरू बोल्छन् भने तपाईंको बच्चाले जेसीपीएसबाट अंग्रेजी सिकाइका सेवाहरू लिन सक्छन्। बच्चाको किन्डरगार्टन सुरु हुनु भन्दाअघि ६ महिनासम्म स्क्रीनिङ गर्नका लागि तपाईंले अनुरोध गर्न सक्नुहुन्छ। अंग्रेजी दोस्रो भाषा (ESL) विभागमा गएर सहयोग लिनुहोस्।



Ready for K Alliance

readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning

familieslearning.org

# अप्रिल

किन्डरगार्टन अघिको 4 महिना

## 3 देखि 5 वर्ष

आफ्नो बच्चालाई आफै खाना खान प्रोत्साहन गर्नुहोस्। उनीहरूलाई काँटा वा चम्चा प्रयोग गरेर खान सिक्न दिनुहोस्। आफ्ना बच्चाहरूलाई खानेकुराका प्याकेजहरू खोल्न पनि सिकाउनुहोस्। शारीरिक बल पर्ने यो कार्यले तपाईंको बच्चाको हात बलियो बनाउँछ, उनीहरू धेरै कुराहरू आफै गर्न सक्ने हुन्छन्: भाँडाकुँडा, थालबट्टुका प्रयोग गरी आफै खानेछन् - परिवार क्रियाकलाप।

## किन्डरगार्टन प्रवेश प्रक्रिया

- यदि तपाईंले जेसीपीएसमा आवेदन दिइसक्नु भएको छ भने यो महिनामा तपाईंले आफ्नो परिवारको स्कुलसम्बन्धी कार्यबारे सिक्नुहुनेछ! आफ्नो स्कुल कम्युनिटीसँग जोडिन स्कुलको सोसल मिडिया अकाउन्टहरू फलो गर्नुहोस्।
- धेरै स्कुलहरूले स्प्रिङ सिजनमा परिवार क्रियाकलापहरू आयोजना गरी किन्डरगार्टनमा जोडिंदै गरेका परिवारहरूलाई स्वागत गर्नेछन्। कार्यक्रम र मितिहरूका स्कुलको वेबसाइट हेर्नुहोस्। तपाईंको बच्चा र परिवारले नयाँ स्कुलमा जति धेरै समय बिताउँछन्, त्यति नै सहज महसुस गर्नेछन्।



# मे

## किन्डरगार्टन अघिको 3 महिना

### Year Prior to Kindergarten

- "कहाँ बस्नुहुन्छ?" र "फोन नम्बर कति हो?" जस्ता प्रश्नहरूको जवाफ दिने अभ्यास गराउनुहोस्। आपतकालीन अवस्थामा तपाईंको बच्चालाई यी कुरा थाहा रहेको हुनुपर्छ: व्यक्तिगत जानकारी थाहा राख्नेछन् -परिवार क्रियाकलाप।
- स्कुलबारे बताउने पुस्तकहरू हेर्नुहोस्। किताबका पात्रहरूले कसरी साथीहरू बनाइरहेका र स्कुलमा सिकिरहेका छन् भन्नेबारे आफ्नो बच्चासँग कुरा गर्न सक्नुहुन्छ: अरू बालबालिकासँग खेल्छन् र आफूसँग भएका कुरा बाँड्छन् - परिवार क्रियाकलाप।

### किन्डरगार्टन प्रवेश प्रक्रिया

- तपाईंको बच्चा जेसीपीएसको क्याम्प रेडी फोर-के कार्यक्रमका लागि योग्य रहे नरहेको हेर्नुहोस् — यो बालबालिकालाई किन्डरगार्टनमा स्वागत गर्ने समर क्याम्प हो। यसका लागि दर्ता गर्ने समय सामान्यतया मे महिनाको सुरुमा हुन्छ। यो कार्यक्रमका लागि ठाउँ चाँडै भरिन्छ, त्यसैले छिटो दर्ता गर्नुहोस्!
- समर र फल सिजनको सुरुमा गरिने स्वागत कार्यक्रमहरूबारे तपाईंको स्कुलले जारी गर्ने जानकारी हेर्दै गर्नुहोस्। धेरै स्कुलहरूले तपाईंको परिवारलाई मेल वा इमेल पठाउने गर्छन्।





# समर

किन्डरगार्टन अघिको 2 महिना

## 3 देखि 5 वर्ष

- धेरै कम्युनिटी संस्थाहरूले परिवारहरूका लागि समर कार्यक्रमहरू आयोजना गर्छन्। लाइब्रेरीको समर रिडिङ प्रोग्राम वा लुइसभिल कल्चरल पासका लागि दर्ता गर्नुहोस्।

## किन्डरगार्टन प्रवेश प्रक्रिया

- तपाईंको बच्चालाई झोला र लुगाहरू जस्ता स्कुल फेरि फर्कँदा चाहिने सामग्रीहरू चाहिन्छ। स्कुलका लागि तपाईंको बच्चालाई के चाहिन्छ थाहा पाउनुहोस्। स्कुलको वेबसाइटमा चाहिने कुराहरूको सूची हेर्नुहोस्। सकेसम्म धेरै सामग्री तयारी अवस्थामा राख्ने योजना बनाउनुहोस्। धेरै कम्युनिटी पार्टनरहरूले सामग्रीहरू उपहारको रूपमा दिने गर्छन्।
- यदि तपाईंको परिवारलाई मद्दत चाहिन्छ भने, तपाईंको स्कुलको फेमिली रिसोर्स सेन्टर (एफआरसी) कोअर्डिनेटरसँग कुरा गर्नुहोस्। एफआरसी ले तपाईंको परिवारलाई जेसीपीएस क्लोदिङ असिसटेन्स प्रोग्राम - लुगा सहायता कार्यक्रम (सीएपी) सँग जोडिन मद्दत गर्छ र यहाँबाट तपाईंले युनिफर्म र अन्य लुगाहरू नि:शुल्क पाउन सक्नुहुन्छ। यस कार्यक्रमले स्वास्थ्य जाँचका लागि चाहिने सामान र अपोइन्टमेन्टमा पनि मद्दत गर्छ।
- सम्भव भएमा समर सिजनमा आफ्नो बच्चाको स्कुल हुँदै हिँड्नुहोस्, साइकल कुदाउनुहोस् वा ड्राइभ गर्नुहोस्। तपाईंको बच्चालाई स्कुल भवन देखाउनुहोस् र उनीहरूले स्कुलमा कति धेरै कुरा सिक्नेछन् भन्ने बारे कुरा गर्नुहोस्। यसबाट तपाईंको बच्चाले स्कुल एउटा सुरक्षित स्थान हो, त्यहाँ सिकाइ हुन्छ भनेर थाहा पाउँछन्।



Ready for K Alliance
readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning
familieslearning.org

# अगस्ट

## किन्डरगार्टन आइपुग्यो!

### किन्डरगार्टनभन्दा अघिको वर्ष

- स्कुल सुरु हुनुभन्दा दुई हप्ताअघि आफ्नो बच्चासँग उनीहरूको स्कुलको पहिलो दिन कस्तो हुनसक्छ भन्ने बारेमा कुरा गर्नुहोस्। उनीहरूलाई रुटिनको योजना बनाउन मद्दत गर्नुहोस्, जस्तै अघिल्लो राति लुगा बाहिर निकालेर राख्ने र आफ्नो झोला प्याक गरेर राख्ने: आफ्ना सामान ठीक ठाउँमा राख्छन् -परिवार क्रियाकलाप।
- तपाईंको बच्चा कसरी स्कुल जान्छन् भन्नेबारे छलफल गर्नुहोस्। के उनीहरू हिँडेर जान्छन्? बसमा जान्छन्? वा साथी वा परिवारको सदस्यले गाडीमा पुर्याउने हो? आमाबुबा र परिवार क्रियाकलापबाट सजिलै छुट्टिन्छन् हेर्नुहोस्।

### किन्डरगार्टन प्रवेश प्रक्रिया

- किन्डरगार्टन क्याम्प, ओपन हाउस र मीट द टीचर जस्ता कार्यक्रमहरूमा सहभागी हुनुहोस्, यी कार्यक्रममा सहभागी भएर तपाईंको परिवारले स्कुल भ्रमण गर्न सक्छन्। तपाईंको बच्चा आफ्नो स्कुलसँग परिचित हुन थालेपछि किन्डरगार्टन सुरु गर्न अझ बढी सुरक्षित र उत्साहित महसुस गर्नेछन्।
- तपाईंको परिवार स्कुलमा निःशुल्क वा सस्तो खानाका लागि छनौट हुनसक्छ। तपाईंको स्कुलले सबै विद्यार्थीलाई निःशुल्क खाना उपलब्ध गराउँछ गराउँदैन वा यसका लागि फाराम पो भर्नुपर्छ कि बुझ्नुहोस्। यदि तपाईंसँग प्रश्नहरू छन् भने तपाईंको बच्चाको अफिसका स्टाफले मद्दत गर्नेछन्।



Ready for K Alliance
CREATED BY ncfl National Center for Families Learning
readyforkalliance.com
familieslearning.org

# सेप्टेम्बर

## किन्डरगार्टन आइपुग्यो!



### किन्डरगार्टनभन्दा अघिको वर्ष

- किन्डरगार्टनको पहिलो महिना रमाइलो र उत्साहजनक हुनसक्छ। तपाईंको बच्चाले नयाँ कुरा गर्दा र सिक्दा खुसी मनाउनुहोस्। यदि तपाईंको बच्चालाई उठ्ने, स्कुलका लागि तयार हुने र स्कुल जाने बानी पर्न केही हप्ता लागेमा चिन्ता नगर्नुहोस्। तपाईंले रुटिनहरू बनाउन लगाएर, राम्रोसँग निद्रा पुर्याउन दिएर र उनीहरूसँग सँगै पढ्न वा खेल्न समय बिताएर मद्दत गर्न सक्नुहुन्छ।
- हरेक बच्चाका लागि स्कुलको सुरुवात फरक-फरक हुन्छ। तपाईंको बच्चालाई सुरुदेखि नै स्कुल मन पर्न सक्छ वा नयाँ रुटिनमा बानी पर्न केही समय लाग्न सक्छ। तपाईंले परिवारको रूपमा गर्न सक्ने एउटा सबैभन्दा राम्रो कुरा भनेको तपाईंको बच्चाको शिक्षकसँग सुरुदेखि नै र बेलाबेलामा भेटिरहनु हो। तपाईंसँग भएका प्रश्नहरू शिक्षकलाई कसरी राम्रोसँग सोध्ने वा आफ्नो बच्चाका कुराहरू कसरी राम्रोसँग बताउने भनेर जान्नुहोस्।



Ready for K Alliance
readyforkalliance.com

CREATED BY ncfl National Center for Families Learning
familieslearning.org